# <u>कटहरी फलफूल तथा तरकारी थोक बजार संचालन नियमावली, २०७७</u>

<u>प्रस्तावना</u> : प्रशासकिय कार्यविधि (नियमित) गर्ने ऐन २०७५ को दफा ३ को अधिकार प्रयोग गरी प्रदेश नं. १ को प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>ः (१) यस नियमावलीको नाम **"कटहरी फलफूल तथा तरकारी थोक बजार संचालन नियमावली, २०७७"** रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>परिभाषा</u>ः विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) **"अध्यक्ष"** भन्नाले नियम ९ बमोजिम गठित कटहरी फलफूल तथा तरकारी थोक बजार विकास समितिको अध्यक्ष सम्झनु पर्छ।

(ख) **"करार"** भन्नाले मन्त्रालय र यस नियमावली बमोजिम छनौट भएको विशिष्टीकृत सहकारी संघ बिच प्रचलित कानून बमोजिम भएको सम्झौता सम्झनुपर्छ।

(ग) **"कृषि उपज वा वस्तु"** भन्नाले कृषि क्षेत्रबाट उत्पादित फलफूल, तरकारी, दुधजन्य तथा माछा मासु जस्ता ताजा वा नाशवान वस्तु सम्झनु पर्छ।

(घ) **"तोकिएको" वा "तोकिए बमोजिम"** भन्नाले यस नियमावली अन्तर्गत बनेको विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ङ) **"बजार"** भन्नाले कटहरी फलफूल तथा तरकारी थोक बजार सम्झनु पर्छ।

(च) **"मन्त्रालय"** भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ।

(छ) **"सदस्य"** भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले सदस्य-सचिवलाई समेत जनाउँदछ।

(ज) **"समिति"** भन्नाले नियम ९ बमोजिम गठित कटहरी फलफूल तथा तरकारी थोक बजार विकास समिति सम्झनु पर्छ।

(झ) **"सहकारी"** भन्नाले प्रचलित सहकारी ऐन बमोजिम गठन भएको संघ वा संस्था सम्झनु पर्छ।

(ञ) **"सेवा शुल्क"** भन्नाले बजार स्थलमा फार्मर यार्डमा कारोवार गर्न उपलब्ध गराए वापत बजार संचालन गर्न छनौट भएको विशिष्टीकृत सहकारी संघ वाहेक अन्य कारोवार गर्नेलाई लिईने बजार सेवा शुल्क सम्झनु पर्दछ।

(ट) **"संघ"** भन्नाले संघीय सहकारी ऐन, २०७४ को दफा ९ वा प्रदेश सहकारी ऐन, २०७६ को दफा ८ बमोजिम दर्ता भएको विशिष्टीकृत सहकारी संघ सम्झनु पर्दछ ।

(ठ) **"स्टल"** भन्नाले बजार स्थलमा कृषि उपजको कारोवार गर्न छुट्याईएको निश्चित क्षेत्रफललाई सम्झनु पर्छ।

३. <u>बजार व्यवस्थापन तथा संचालन सम्वन्धी व्यवस्था</u>ः (१) नेपाल सरकारबाट मोरङ्ग जिल्ला कटहरी गाउँपालिका वार्ड नं. १ मा निर्माण सम्पन्न भई व्यवस्थापन र संचालनका लागी प्रदेश नं. १ को प्रदेश सरकारलाई हस्तान्तरण गरिएको कटहरी फलफूल तथा तरकारी थोक बजार व्यवस्थापन तथा संचालन विशिष्टीकृत सहकारी संघ मार्फत गरीनेछ।

(२) उपनियम (१) बमोजिम को संघ र मन्त्रालय विचको आपसी समझदारी गरी शर्त तोकी प्रचलित कानुन बमोजिम करार सम्झौता गरी बजार व्यवस्थापन र संचालन गरीनेछ ।

(३) उपनियम (२) बमोजिम बजारको रेख देख, समन्वय र नियमनको लागी यसै नियम बमोजिम एक बजार विकास समिति रहनेछ ।

□३क. <u>निर्देशक समिति</u>ः (१) नियम ९ बमोजिम गठीत कटहरी फलफूल तथा तरकारी थोक बजार विकास समितिलाई आवश्यक निर्देशन दिन एवम् अन्य निकायहरुसँग समन्वय गर्न देहाय बमोजिमको निर्देशक समिति रहनेछः

| | | |
|---|---|---|
| (क) | मन्त्री, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | - अध्यक्ष |
| (ख) | प्रमुख, विराटनगर महानगरपालिका | - सदस्य |
| (ग) | अध्यक्ष, कटहरी गाँउपालिका | - सदस्य |
| (घ) | सचिव, मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय | - सदस्य |
| (ङ) | सचिव, आन्तरिक मामिला तथा कानुन मन्त्रालय | - सदस्य |
| (च) | सचिव, भौतिक पुर्वाधार विकास मन्त्रालय | - सदस्य |
| (छ) | सचिव, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | -सदस्य |
| (ज) | प्रमुख, पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालय | - सदस्य |
| (झ) | प्रमुख, कृषि विकास निर्देशनालय | - सदस्य |
| (ञ) | अध्यक्ष, जनप्रिय मा.वि., कटहरी सञ्चालक समिति | - सदस्य |
| (ट) | अध्यक्ष, कटहरी फलफूल तथा तरकारी थोक बजार विकास समिति | -सदस्य सचिव |

(२) निर्देशक समितिका अध्यक्षले आवश्यकता अनुसार समितिको बैठक बोलाउन सक्नेछ।

---

□ पहिलो संशोधनद्वारा थप गरिएको ।

□३ख. <u>निर्देशक समितिको काम, कर्तव्य र अधिकारः</u> नियम ३क बमोजिमको निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) कटहरी फलफूल तथा तरकारी थोक बजार विकास समितिद्वारा समाधान हुन नसकेका समस्याको समाधान गर्ने।

(ख) अन्तरमन्त्रालय वा निकायसँग सम्बन्धित विषयको बारेमा समन्वय गर्ने।

(ग) बजार सञ्चालन एवम् व्यवस्थापन सम्बन्धमा समिति तथा बजार सञ्चालन तथा व्यवस्थापन गर्ने विशिष्टीकृत सहकारी सङ्घलाई आवश्यकता अनुसार निर्देशन दिने।

४. <u>विशिष्टीकृत सहकारी संघको योग्यताः</u> बजार व्यवस्थापन तथा संचालन गर्न प्रस्ताव पेश गर्ने विशिष्टीकृत सहकारी संघको योग्यता देहाय बमोजिम हुनेछः

(क) कम्तिमा तीस सदस्य भएको

(ख) विनियममा फलफूल तथा तरकारीको व्यापार सम्बन्धी उद्देश्य रहेको

(ग) कम्तिमा पन्ध्र करोड संस्थागत पूंजी भएको

५. <u>विशिष्टीकृत सहकारी संघको छनौट प्रकृयाः</u> बजार संचालन तथा व्यवस्थापनको लागी विशिष्टीकृत सहकारी संघ छनौट सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः

(क) मन्त्रालयले पन्ध्र दिनको म्याद सहितको सूचना राष्ट्रिय स्तरको दैनिकमा प्रकाशन गर्नुपर्नेछ ।

(ख) बजार संचालन गर्न योग्य विशिष्टीकृत सहकारी संघले अनुसूची-१ बमोजिमको प्रस्ताव पेस गर्नु पर्नेछ ।

(ग) मन्त्रालयले मन्त्रालयको सचिवको अध्यक्षतामा वढीमा तीन सदस्यीय कार्यदल गठन हुनेछ र त्यस्तो कार्यदलले छनौटको मापदण्ड निर्धारण गरी प्रस्तावक मध्येबाट उत्कृष्ट विशिष्टीकृत सहकारी संघ छनौट गरी मन्त्रालयमा सिफारिस गर्नेछ।तर एक मात्र संघले अवेदन दिएमा कार्यदलले त्यस्तो संघको योग्यता र क्षमताको जाँच गरी मन्त्रालय समक्ष सिफरीस गर्नेछ ।

(घ) खण्ड (ग) र (घ) बमोजिम सिफरीस गरीएको संघसंग मन्त्रालयले करार गर्नेछ ।

(ङ) खण्ड (ङ) बमोजिम करार गर्दा आपसी समझदारीमा शर्त तय गरी प्रचलित कानून बमोजिम करार गरीनेछ ।

(च) करार अवधी कम्तिमा पाँच वर्षको हुनेछ र करार अवधि आवश्यकता अनुसार बढाउन सकिनेछ।

६. <u>विशिष्टीकृत सहकारी संघले पालना गर्नुपर्ने शर्तहरुः</u> बजार संचालनका लागि छनौट भएको विशिष्टीकृत सहकारी संघले पालना गर्नुपर्ने सर्तहरु देहाय बमोजिम हुनेछः

(क) बजार संचालनका लागि छनौट भएको विशिष्टीकृत सहकारी संघले बजार संचालनका क्रममा बजारस्थलमा कुनै स्थायी सरंचना थपघट गर्नुपरेमा समितिमा प्रस्ताव पेश गरी समितिको अनुमति लिएर गर्नुपर्नेछ ।

---

□ पहिलो संशोधनद्वारा थप गरिएको ।

(ख) बजार संचालन तथा व्यवस्थापनका सम्बन्धमा विशिष्टीकृत सहकारी संघले आफुले समाधान गर्न नसकेका समस्याहरु समिति समक्ष पेश गर्नुपर्नेछ। समतिलेले आफै समाधान गर्न नसकेका समस्याहरु मन्त्रालयमा पेश गरी मन्त्रालयबाट निरुपण गर्नुपर्नेछ ।

(ग) विशिष्टीकृत सहकारी संघले बजार संचालन तथा ब्यवस्थापन गर्दा बजारस्थल भित्र स्टल ब्यवस्थापन, विभिन्न कृषि उपज विक्री स्थल, फोहोर ब्यवस्थापन, विद्युत तथा पानी ब्यवस्थापन, विषादी तथा गुणस्तर परिक्षण,पाले पहरा ब्यवस्थापन आदि काम आफै गर्नुपर्नेछ ।

(घ) बजारस्थलमा पुँजिगत संरचना आदि थप गर्नुपर्ने भएमा मन्त्रालयले आवश्यकता अनुसार निर्माण गर्न सक्नेछ र बजारस्थलमा आवश्यक पुँजिगत निर्माणमा विशिष्टीकृत सहकारी संघले समितिको स्विकृतीमा आफ्नै लगानीमा तथा मन्त्रालयसँगको लागत सहभागितामा समेत निर्माण कार्य गर्न सक्नेछ ।

(ङ) यी नियमावली लागु हुनु भन्दा पहिले प्रचलित कानून बमोजिम निवेदन माग गरि स्टल वितरणका लागि स्वीकृत भएकालाई विशिष्टीकृत सहकारी संघले बजारस्थलमा कारोवारका लागि सहकारीको नियम अनुसार ब्यवस्था मिलाउनु पर्नेछ ।

(च) बजारस्थलमा साना किसानहरुले ल्याउने वस्तुहरुको खरीद विक्रीका लागि विशिष्टीकृत सहकारी संघले उपयुक्त कार्यविधि तयार गरी समितिको स्वीकृतीमा आवश्यक ब्यवस्था मिलाउनु पर्नेछ।

(छ) बजारस्थल उपलब्ध गराए वापत विशिष्टीकृत सहकारी संघले समितिलाई भाडा निर्धारण समितिले निर्धारण गरे बमोजिमको भाडा अर्ध वार्षिकरुपमा उपलब्ध गराउनु पर्नेछ ।

(ज) बजारस्थलमा विक्री वितरणका क्रममा बजार संचालन गर्ने विशिष्टीकृत संघ वाहेकका अन्य ब्यापारीहरुलाई बजार सेवा शुल्क तथा पार्किङ्ग शुल्क सम्बन्धमा समितिवाट निर्णय गराई विशिष्टीकृत सहकारी संघ आफैले उठाउने ब्यवस्था गर्नुपर्नेछ ।

(झ) विशिष्टीकृत संघले करारमा उल्लेख भए बमोजिमको सर्त अनुसार बजार संचालन गर्नुपर्नेछ ।

७. <u>भाडा निर्धारण सम्बन्धी व्यवस्था</u>: (१) बजारको भाडा निर्धारण गर्न देहाय बमोजिमको भाडा निर्धारण समिति गठन हुनेछः

| | |
|---|---|
| (क) मन्त्रालयको सातौं वा आठौं तह वा सो सरहको अधिकृत | -संयोजक |
| (ख) प्रदेश सहकारी संघको प्रतिनिधि | -सदस्य |
| (ग) प्रदेश उद्योग बाणिज्य महासंघको प्रतिनिधि | -सदस्य |
| (घ) जिल्ला प्रशासन कार्यालयको प्रतिनिधि | -सदस्य |
| (ङ) बजार विज्ञ मध्येबाट एकजना प्रतिनिधि | -सदस्य |
| (च) विशिष्टीकृत सहकारी संघको एकजना प्रतिनिधि | -सदस्य |

(२) उपनियम (१) बमोजिमको समितिले देहाय बमोजिमका आधारमा भाडा निर्धारण गर्नुपर्नेछः

(क) बजारको निर्माणको लागत

(ख) बजार व्यवस्थापन खर्च

(ग) बजार निर्माण गर्दाका बखत भएको सम्झौताका पक्षहरुलाई उपलब्ध गराउनु पर्ने नियमित रकम ।

८. **<u>करार भंग हुन सक्ने अवस्था</u>**: देहायको अवस्थामा करार उल्लङ्घन भएको मानिनेछ :

(क) नियम ६ मा उल्लेख भएका विषयहरुका अतिरिक्त संझौता भएको एक वर्षमा पनि बजार संचालन गर्न नसकेमा ।

(ख) करारमा उल्लेख गरिएको भाडा अर्ध वार्षिकरुपमा समितिलाई उपलब्ध गराउन नसकेमा।

(ग) नियम ६ बमोजिमको सर्तहरु पालन नगरेको पाइएमा त्यस्तो सर्त पालन गर्न बारम्वार समितिबाट दिइएको निर्देशन पालन नगरेमा ।तर यस खण्ड बमोजिम करार भंग गर्दा सम्बन्धित संघलाई सफाई पेश गर्ने मौका दिईनेछ।

९. **<u>समितिको गठन</u>**: (१) कटहरी फलफूल तथा तरकारी थोक बजार विकास समिति नामको एक समिति गठन गरिनेछ।

(२) उपनियम (१) बमोजिमको समिति मा देहाय बमोजिम अध्यक्ष तथा सदस्य रहने छन्:

| | | |
|---|---|---|
| (क) | मन्त्रालयले तोकेको कम्तिमा नवौं तहको अधिकृत | - अध्यक्ष |
| (ख) | विराटनगर महानगरपालिकाले तोकेको अधिकृत प्रतिनिधि | - सदस्य |
| (ग) | मन्त्रालयले तोकेको एक जना बजार विज्ञ | -सदस्य |
| ✂(घ) | ........................................................................ | |
| (ङ) | बजार संचालन गर्ने विशिष्टीकृत सहकारी संघले तोकेको प्रतिनिधि एकजना | - सदस्य |
| (च) | प्रदेशभरका सहकारी संघ संस्थाहरुबाट प्रतिनिधित्व हुने गरी विशिष्टीकृत सहकारी संघले तोकेको दुई जना किसान प्रतिनिधि | - सदस्य |
| (छ) | संघीय कृषि तथा पशुपंक्षी विकास मन्त्रालयले तोकेको प्रतिनिधि | - सदस्य |
| (ज) | तात्कालिन एकिकृत कृषि थोक बजार निर्माण उपभोक्ता समिति, कटहरी, मोरङ्गका एकजना प्रतिनिधि | -सदस्य |
| (झ) | प्रदेश सहकारी संघले तोकेको एक जना प्रतिनिधि | -सदस्य |

---

✂ पहिलो संशोधनद्वारा हटाईएको ।

❑(झ१) वडा अध्यक्ष/#कटहरी गा.पा. वडा नं १ -सदस्य

❑(झ२) कटहरी गा.पा. वडा नं. १ को वडा कार्यालयको सिफारिस बमोजिम स्थानीय संघ संस्था/# क्लब मध्येबाट २ जना -सदस्य

❑(झ३) गाउँपालिकाले तोकेको एक जना महिला सहित २ जना किसान # प्रतिनिधि -सदस्य

❑(झ४) अध्यक्ष/#तत्कालिन जग्गा संरक्षण संवर्द्धन समिति -सदस्य

(ञ) मन्त्रालयले तोकेको एक जना अधिकृत प्रतिनिधि -सदस्य सचिव

📖(३) उपनियम (२) को खण्ड (ग), (ङ), (च), (झ), (झ२) र (झ३) बमोजिमको सदस्यको पदावधि तीन वर्षको हुनेछ र निजहरु दुई कार्यकाल भन्दा बढी सदस्य हुन पाउने छैनन्।

१०. **सदस्यको योग्यता**ः समितिका पदेन सदस्य बाहेकको अन्य सदस्यको योग्यता देहाय बमोजिम हुनेछः

(क) नेपाली नागरिक,

(ख) सहकारी संघ वा संस्थाको सदस्य भई आधिकारीक प्रतिनिधित्व भएको,

(ग) प्रचलित कानूनले अयोग्य नठहरिएको ।

११. **समितिको काम, कर्तव्य र अधिकार**ः समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) बजारको भौतिक पूर्वाधारको सुरक्षा, सरंक्षण, सञ्चालन, सम्भार तथा विकास गर्ने,

(ख) समितिका तर्फबाट थप विषयमा करार वा सम्झौताहरु गर्न, गराउन स्वीकृति प्रदान गर्ने,

(ग) बजारस्थलमा विषादी मिसावट भएका तथा अस्वस्थकर कृषि उपज वा वस्तु बजारमा बिक्री वितरण सम्बन्धमा बजार संचालन गर्ने विशिष्टीकृत सहकारी संघलाई निर्देशन दिने,

(घ) विशिष्टीकृत सहकारी संघसँगको समन्वयमा बजारको विकास तथा सम्वर्द्धनका लागि योजना तर्जुमा गर्ने,

(ङ) कृषि बजार सूचना प्रणाली स्थापनाको आवश्यक ब्यवस्था गर्नेर अन्य कृषि थोक बजार संग सम्बन्ध राख्ने,

(च) सहकारीका सदस्यहरु, कृषक तथा समितिका कर्मचारीलाई तालीम भ्रमणको व्यवस्था गर्ने,

---

❑ पहिलो संशोधनद्वारा थप गरिएको ।

❑ पहिलो संशोधनद्वारा थप गरिएको ।

❑ पहिलो संशोधनद्वारा थप गरिएको ।

❑ पहिलो संशोधनद्वारा थप गरिएको ।

📖 पहिलो संशोधनद्वारा संशोधन गरिएको।

(छ) विभिन्न स्थानवाट बजारस्थल सम्म पुग्ने सडकको स्तरोन्नतीको लागि प्रदेश सरकारसँग समन्वय गरी प्रदेश सरकारवाट बजेटको ब्यवस्था गर्ने,

(ज) बजार स्थलभित्र रहेका संरचनाको वीमाको ब्यवस्था गर्ने,

(झ) बजार स्थापनाको लागि २०६८ चैत्र ९ मा भएको सम्झौता अनुसार सम्झौताका पक्षहरुलाई करारबाट आएको रकम उपलब्ध गराउने ।

१२. **<u>समितिको कोष</u>**: (१) समितिको एक छुट्टै कोष हुनेछ ।

(२) उपनियम (१) बमोजिमको कोषमा देहायका रकमहरु रहने छः

(क) प्रदेश सरकारबाट प्राप्त रकम,

(ख) संविधान र प्रचलित कानून बमोजिम विदेशी सरकार वा व्यक्ति वा संस्था वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त हुने रकम,

(ग) संघसंग गरेको करारबाट प्राप्त रकम,

(घ) अन्य श्रोतबाट प्राप्त रकम।

(३) समितिको कोषमा रहने रकम नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त कुनै पनि "क" वर्गको वाणिज्य बैंकमा खाता खोली जम्मा गरिने छ।

(४) समितिको नामबाट गरिने सबै खर्च उपनियम (२) बमोजिमको कोषबाट व्यहोरिने छ।

(५) समितिको कोषको सञ्चालन समितिको अध्यक्ष र सदस्य सचिवको दस्तखतबाट हुनेछ र कोषको लेखा व्यवस्थापन तथा संचालन मन्त्रालयले तोकेको लेखा अधिकृतबाट हुनेछ।

(६) उपनियम (२) को खण्ड (ख) बमोजिम रकम प्राप्त गर्दा नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

(७) कोषको रकम खर्च यो नियम बमोजिम समितिले स्वीकृत गरेको विषयमा हुनेछ ।

१३. **<u>लेखा अधिकृतको काम, कर्तव्य र अधिकार</u>:** लेखा अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) समितिको कोषको आर्थिक प्रशासन संचालन गर्ने,

(ख) आम्दानी खर्चको लेखा राख्ने,

(ग) लेखा विवरण तयार गर्ने,

(घ) समितिको कोषको आन्तरिक तथा अन्तिम लेखा परीक्षण गराउने र बेरुजु नियमित गर्ने गराउने।

१४. **<u>कोषबाट गरीने खर्च सम्बन्धी व्यवस्था</u>**: कोषको खर्च देहय बमोजिमका कार्यहरुमा गरिने छः

(क) बजार स्थापनाको लागि मिति २०६८ चैत्र ९ मा भएको सम्झौता अनुसार सम्झौताका पक्षहरुलाई उपलब्ध गराउनु पर्ने रकम उपलब्ध गराउन,

(ख) बजार क्षेत्रको मर्मत संभार तथा थप पुर्वाधार निर्माण गर्न,

(ग) प्रशासनिक खर्च ।

१५. **<u>समितिको बैठक</u>**: समितिको बैठक सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः

(क) समितिको बैठक आवश्यकता अनुसार अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्ने छ र बैठक बस्ने सूचना कम्तिमा चौविस घण्टा अगावै सदस्यहरुलाई दिनु पर्नेछ।

(ख) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ ।

(ग) समितिको कूल सदस्य संख्याको कम्तिमा पचास प्रतिशत सदस्य उपस्थित भएमा समितिको वैठकको लागि गणपूरक संख्या पुगेको मानिने छ।

(घ) समितिको वैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ।

(ङ) समितिको निर्णय समितिको सदस्य सचिवद्वारा प्रमाणित गरि अभिलेख राखिनेछ।

(च) समितिले आवश्यक देखेमा प्रचलित कानून बमोजिम विदेशी वा स्वदेशी कुनै विशेषज्ञ वा सल्लाहकारलाई समितिको वैठकमा आमन्त्रण गर्न सक्नेछ।

(छ) समितिको वैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

१६. **<u>लेखा र लेखा परिक्षण</u>**ः लेखा र लेखा परिक्षण सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः

(क) समितिको आय व्ययको लेखा, प्रदेश सरकारको प्रचलित कानून बमोजिम राखिनेछ।

(ख) समितिको आन्तरीक लेखा परिक्षण रजिष्टर्ड लेखा परीक्षकबाट गराइनेछ।

(ग) समितिको अन्तिम लेखा परीक्षण प्रचलित कानून बमोजिम हुनेछ ।

(घ) प्रदेश सरकार, भूमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले चाहेमा समितिको हिसाब किताब जुनसुकै बखत जाँच्न र जँचाउन सक्नेछ।

(ङ) समितिले आय व्यय विवरण चौमासिक रुपमा सार्वजनिक गर्नुपर्नेछ ।

१७. **<u>उपसमिति गठन गर्न सक्ने</u>**ः (१) समितिले आफ्नो कार्य सञ्चालनमा सघाउ पुर्‍याउन आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम गठित उपसमितिको काम, कर्तव्य र अधिकार तथा वैठक सम्बन्धी कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

१८. **<u>समितिका कर्मचारी</u>**ः समितिका लागि आवश्यक कर्मचारीहरु  मन्त्रालयबाट काजमा खटाउनु पर्नेछ।

१९. **<u>बैठक भत्ता तथा अन्य सुविधा</u>**ः समितिको अध्यक्ष तथा सदस्यले पाउने बैठक भत्ता प्रचलित कानूनबमोजिम हुनेछ ।

२०. **<u>अधिकार प्रत्यायोजन</u>**ः समितिले आवश्यकता अनुसार आफ्नो केही अधिकार कुनै सदस्य वा समितिको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

२१. **<u>प्रतिवेदन पेश गर्नुपर्ने</u>**ः समितिले आर्थिक वर्ष समाप्त भएको नब्वे दिन भित्र आफूले गरेको कामको वार्षिक प्रतिवेदन मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ र त्यस्तो प्रतिवेदनको संक्षिप्त विवरण सार्वजनिक गर्नु पर्नेछ ।

२२. **<u>प्रदेश सरकारले निर्देशन दिन सक्ने</u>**ः प्रदेश सरकारले समितिलाई समय समयमा निर्देशन दिन सक्नेछन र त्यस्ता निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ।

२३. **<u>प्रदेश सरकारसँग सम्पर्क</u>**ः समितिले प्रदेश सरकारसँग सम्पर्क राख्दा भूमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालय मार्फत राख्नु पर्नेछ।

२४. **<u>समितिको कार्यालय</u>**ः समितिको कार्यालय कटहरी फलफूल तथा तरकारी थोक बजारमा रहनेछ।

२५. **<u>विनियम बनाउने अधिकार</u>**: यस नियमावलीको उद्देश्य पूर्तिको लागि समितिले आवश्यक विनियमहरु बनाउन सक्नेछन र यस्ता विनियमहरु मन्त्रालयबाट अनुमोदन भएपछि मात्र लागू हुनेछ । बजार सञ्चालनका विषयमा कानूनी सल्लाह मन्त्रालयले उपलब्ध गराउनु पर्नेछ ।

२६. **<u>भाडा छुट दिन सकिने:</u>** मन्त्रालयले बजार संचालनलाई दीर्घकालीन ढङ्गले व्यवस्थित गर्न शुरु बर्षमा भाडामा आंशिक वा पुर्ण रुपमा छुट दिन सक्नेछ । तर त्यस्तो अवधि बढाउन पाईने छैन।

२७. **<u>नियमावली संसोधन वा खारेज गर्ने</u>**: प्रदेश सरकारले यो नियमावली आवश्यक्ता अनुसार संशोधन एवं परिमार्जन तथा खारेज गर्न सक्नेछ।

२८. **<u>बाधा अडकाउउ</u>**: यो नियमावली बमोजिम कार्य सम्पादन गर्दा बाधा अडकाउ परेमा समितिको सिफारिसमा मन्त्रालयले निर्णय गरि त्यस्तो बाधा अडकाउ फुकाउन सक्नेछ।

२९. **<u>लोगो तथा लेटरप्याड सम्बन्धमा:</u>** संचालक समितिको लोगो र लेटरप्याड अनुसूची-२ र ३ बमोजिम हुनेछ।

३०. **<u>खारेजी र बचाउ</u>**: (१) यो नियम प्रारम्भ भए पछि कटहरी फलफूल तथा तरकारी थोक बजार सञ्चालन नियमावली, २०७६ स्वतः खारेज हुनेछ र त्यस अन्तर्गत बनेका कार्यविधिसमेत खारेज हुनेछ।

(२) यो नियम लागु हुनु पूर्व कार्यान्वयनमा रहेको कटहरी फलफूल तथा तरकारी थोक बजार संचालन नियमावली, २०७६ बमोजिम भए गरेका काम यसै नियम बमोजिम भए गरेको मानिनेछ।

# अनुशूची- १

(नियम ५ को खण्ड (ख) सँग समबन्धित)

## विशिष्टीकृत सहकारी संघले पेश गर्ने प्रस्तावको ढाँचा

मिति :२०../../

श्री......................................
...............................कार्यालय
.........................।

विषय :बजार संचालनको प्रस्ताव ।

महोदय,

हामी ..................... नाम भएको विशिष्टीकृत सहकारी संघ, **कटहरी फलफूल तथा तरकारी थोक बजार संचालन नियमावली, २०७७** अनुसार कटहरी फलफूल तथा तरकारी थोक बजार संचालन गर्न ईच्छुक भएकोले देहाय बमोजिमको विवरण खोली प्रस्ताव पेश गरेका छौ ।

**संघ सम्बन्धी विवरण**

क) प्रस्तावक संघको नाम :
ख) ठेगाना :
ग) दर्ता नं. :
घ) कार्यक्षेत्र :
ङ) विषयगत वर्गीकरण :
च) सदस्य संख्या :
छ) शेयर पँजी :
ज) जगेडा पूँजी :
झ) जम्मा बचत रकम :
ञ) जम्मा रिण रकम :
ट) पछिल्लो आ.व.को नाफा/ घाटा :
ठ) बजार व्यवस्थापन र संचालन गर्ने छुट्टै कार्ययोजना

अनुसूची – २

(नियम २९ सँग सम्बन्धीत)

कटहरी फलफुल तथा तरकारी थोक बजार विकास समिति

प्रदेश नं. १, मोरङ, नेपाल

स्थापनाः २०७५

अनुसूची – ३
(नियम २९ सँग
सम्बन्धीत)

कटहरी फलफुल तथा तरकारी थोक बजार विकास समिति
Katahari Fruits & Vegetable Wholesale Market Development Committee
प्रदेश नं. १, मोरङ, नेपाल
Province No. 1, Morang, Nepal

प.सं.:
च.नं.:

मिति: ..........................